प्रदेश सरकार
३ नं. प्रदेश
भुमि व्यवस्था, कृषि तथा तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, चितवन

(कार्यक्षेत्र : चितवन र मकवानपुर जिल्ला)

## पुराना ब्लक संचालक समितिहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति २०७६/०१/०३)**

यस केन्द्रको आ.व. २०७५/०७६ को प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार विगतका आ.व.हरुमा मकवानपुर र चितवन जिल्लामा संचालन भएका पुराना ब्लकहरुलाई यस वर्ष पनि अनुदान उपलब्ध गराइने भएको हुँदा आफूले चाहेको कृषि कार्यक्रम संचालनको लागि यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र रीतपूर्बकको निवेदन कृषि ज्ञान केन्द्र, भरतपुर, चितवन अथवा कृषि विकास निर्देशनालय, हेटौंडामा दर्ता गराउनु हुन सम्बन्धित पकेट क्षेत्रका संचालक समितिहरुलाई जानकारी गराईन्छ ।

१. अनुदान रकम प्रति ब्लक रु. दस लाख (चालु तीन लाख, पूँजीगत सात लाख, कार्यक्रमको औचित्य र पुष्ट्याई अनुसार थपघट हुन सक्ने ।

२. अनुदान उपलब्ध गराइने क्षेत्र र प्रतिशत : उन्नत प्रविधि प्रदर्शन तथा तालिम १००%, उत्पादन सामाग्रीमा बढीमा ५०%, मेशिनरी औजार उपकरण (कष्टम हायरिङ सेन्टर) मा बढीमा ५०% ।

३. संलग्न गर्नुपर्ने कागजातहरु :

क) रु. १०।- को टिकट टाँस गरिएको निवेदन फारम (निवेदन फारम कृषि ज्ञान केन्द्र, चितवन तथा कृषि विकास निर्देशनालय, हेटौंडाबाट प्राप्त गर्न सकिने) ।

ख) तत्कालीन जिल्ला कृषि विकास कार्यालय, चितवन/मकवानपुरमा दर्ता गरिएको पकेट संचालक समिति दर्ता प्रमाणपत्रको प्रतिलिपी । आ.व. २०७४/०७५ मा गठन भई संचालन भएका पकेटहरुको हकमा सम्बन्धित स्थानीय तहको उक्त ब्यहोरा उल्लेख गरिएको सिफारिस पत्र ।

ग) संचालक समितिको बैठकको निर्णय प्रतिलिपी ।

घ) सम्बन्धित वडा कार्यालय तथा सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस ।

सुधीर श्रेष्ठ
वरिष्ठ कृषि विकास अधिकृत